आज मिति २०८० असार ८ गते शुक्रवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को चौधौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स/ प्रवक्ता | श्री वच्चुराज वस्याल | | |

लेखा अधिकृत ज्ञान बहादुर अधिकारी

प्राविधिक अधिकृत अनिल प्रसाद जोशी

आ.ब.२०७९/८० को चौधौ नगरकार्यपालिका वैठकको प्रस्ताव एवं निर्णयहरु:-

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | नगरसभाको तेह्रौं अधिवेशन वैठकमा नीति तथा कार्यक्रम पेश गर्ने सम्वन्धमा | यसै साथ संलग्न टोखा नगरपालिकाको आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभाको तेह्रौं अधिवेशन वैठककमा पेश गर्ने। |
| २ | आ.ब.२०७९/८० को आय व्ययको संशोधित अनुमान तथा आगामी आ.ब. २०८०/८१ को आय-व्यय को अनुमान सम्वन्धमा | संलग्न अनुसूची वमोजिम चालु आ.ब. २०७९/८० को आय व्ययको संशोधित अनुमान र आगामी आ.ब. २०८०/८१ को आय- व्ययको अनुमानलाई स्वीकृत गरी नगरसभाको तेह्रौ अधिवेशन वैठकमा पेश गर्ने। |
| ३ | आ.ब.२०७९/८० को जेठ मसान्त सम्मको आय व्यय सम्वन्धमा | टोखा नगरपालिकाको आ.ब. २०७९/८० को जेठ मसान्त सम्मको यथार्थ आम्दानी तथा खर्च लाई स्वीकृत गरी नगरसभाको तेह्रौ अधिवेशन वैठकमा पेश गर्ने। |
| ४ | आर्थिक विधेयक, २०८० | संलग्न अनुसूची बमोजिम टोखा नगरपालिकाको आर्थिक विधेयक, २०८० स्वीकृतिको लागि नगरसभाको तेह्रौं अधिवेशन वैठकमा पेश गर्ने । |
| ५ | विनियोजन विधेयक, २०८० | संलग्न अनुसूची बमोजिम टोखा नगरपालिकाको विनियोजन विधेयक, २०८० स्वीकृतिको लागि नगरसभाको तेह्रौं अधिवेशन वैठकमा पेश गर्ने । आ.ब. २०८०/८१ मा संचालन हुने आयोजना तथा कार्यक्रम स्वीकृतीको लागि सभामा पेश गर्ने । |
| ६ | आन्तरिक लेखापरीक्षण कार्यविधि स्वीकृति सम्वन्धमा | टोखा नगरपालिकाको आन्तरिक लेखापरीक्षण कार्यविधि, २०८० स्वीकृत गर्ने । |
| ७ | टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी कार्यविधि स्वीकृति सम्वन्धमा | टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने। |
| ८ | विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७९ | टोखा नगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन (पहिलो संशोधन) कार्यविधि, २०७९ को दफा ४ को अ अन्तर्गतको बुँदा क लाई संशोधन गरी तपशिल वमोजिम गर्ने ।<br>क यस कोषमा विनियोजित रकमवाट वडास्तरीय विपद् व्यवस्थापन समितिको सिफारिसमा नगर विपद् व्यवस्थापन समितिको निर्णयबाट रु. ५० हजार ( पचास हजार मात्र) मा नबढ्ने गरी राहत रकम उपलव्ध गराउन वा राहात सामाग्री खरिद |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | कार्यमा खर्च गर्न सकिनेछ । |
| ९ | विविध | १. वडा नं. ७ मा संचालनमा रहेको स्वास्थ्य विशेषज्ञ सेवाको भुक्तानी गर्ने ।<br>२. नगरपालिका कृषि शाखाको माग वमोजिम अनुदानमा फलफुलका विरुवा वितरणको लागि साविकमा छुट्याईएको रकमको विरुवा भन्दा वढी माग भएकोले माग वमोजिमको विरुवा वितरणका लागि रकम रु २ लाख थप माग गरेकोमा श्रीमान नगरप्रमुखज्यूको आदेशानुसार वन वातावरण तथा सरसफाई कोष( डष्टवीन खरिद समेत) शिर्षकमा विनियोजित रकम मध्येवाट फलफुलका विरुवा खरिद कार्यको लागि रु २ लाख विनियोजन गरि भुक्तानी उपलब्ध गराउने ।<br>३. टोखा नगरपालिकाको वडा नं. २ र ३ का सम्पूर्ण विद्यालयहरुमा शैक्षिकसत्र २०८० देखि लागू हुने गरी स्थानीय पाठ्यक्रम- नेपाल भाषा ( कक्षा १-३ ) को पाठ्यक्रमलाई स्वीकृत गर्ने ।<br>४. बाह्रौं नगरसभाले स्वीकृत गरेको संगठन संरचना एवं दरवन्दी तेरिज अनुसारका पदहरु दर्ताको लागि प्रदेश कितावखानामा पठाउने ।<br>५. वागमती प्रदेश सभाबाट जारी स्थानीय सेवा( गठन तथा सञ्चालन) ऐन, २०८९ को दफा ५९ मा रहेको नगरपालिका वा अन्तर्गतका कार्यालयमा कार्यरत कुनै कर्मचारीलाई नगरपालिका (सम्वन्धित सेवा, समुह, उपसमुह)लाई उपयोगी हुने बिषयमा निजी प्रयासमा अध्ययन गर्नको लागि पूर्व स्वीकृति प्रदान गर्ने अधिकार टोखा नगरपालिका कार्यविभाजन नियमावली, २०७४ बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने । |